# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २२ गते २०३२ साल

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले जिल्ला प्रशासन योजना, २०३१ अनुरूप प्रचलित कानून र श्री ५ को सरकारले समय समयमा दिएको सामान्य वा विशेष निर्देशनको अधीनमा रही आफ्नो मातहतमा रहेको जिल्लास्तरीय कार्यालयको रेखदेख, सञ्चालन, नियन्त्रण र निरीक्षण गर्ने गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको छ।

यस प्रयोजनको लागि श्री ५ को सरकारले निम्नलिखित जिल्लास्तरीय कार्यालयहरू प्रमुख जिल्ला अधिकारीको मातहतमा राखने निर्णय गरेको छः-

(क) जिल्ला कृषि विकास कार्यालय
(ख) जिल्ला पशुचिकित्सालय
(ग) जिल्ला भूमि प्रशासन एवं भूमिसुधार कार्यालय
(घ) जिल्लास्तरीय वन सम्बन्धित कार्यालय
(ङ) जिल्ला शिक्षा कार्यालय
(च) जिल्ला सहकारी कार्यालय
(छ) जिल्ला सार्वजनिक निर्माण कार्यालय
(ज) जिल्ला घरेलु उद्योग कार्यालय
(झ) जिल्ला स्वास्थ्य कार्यालय
(ञ) जिल्लास्तरीय खाने पानी तथा ढल निकास आयोजना।

आज्ञाले-
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।